# राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


## प्रेस विज्ञप्ति

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७४ साउन ४ गते

## छाउपडी लगायतका कुरीति विरुद्ध प्रभावकारी कानुन निर्माण तथा कार्यान्यनमा जोड देऊ

छाउपडी लगायतका कुरीति विरुद्ध प्रभावकारी कानुन निर्माण गर्न तथा सोको कार्यान्वयनमा जोड दिन राष्ट्रिय मानव अधिकार आयोग नेपाल सरकारको ध्यानाकर्षण गराउँदछ ।

महिनावारी भएको तथा सुत्केरी अवस्थामा महिलाप्रति छुवाछुतको व्यवहार गरिने, घरभन्दा टाढा छाउगोठमा जोखिमयूक्त अवस्थामा राखिने तथा पोषणयूक्त खानेकुरा खान नदिइने परम्परा र संस्कारका कारण महिलाहरु समानताको अधिकार, पोषणयूक्त खाना खानपाउने अधिकार, स्वच्छ वातावरणमा बस्न पाउने अधिकार, सम्मानपुर्वक बाँच्न पाउने अधिकार र जीवनको अधिकारबाट समेत वञ्चित हुनु परेको अवस्था छ । पछिल्लो समय दैलेख जिल्लामा मात्रै छाउगोठमा बस्ने क्रममा दुइजनाको मृत्यु भएको घटनप्रति आयोग गहिरो दुःख व्यक्त गर्दछ । घटनाको सत्यतथ्य छानवीन गरी दोषीलाई कानुनी कार्यबाहीको दायरामा ल्याउन आयोग नेपाल सरकारलाई आग्रह गर्दछ । साथै, भविष्यमा यस्ता प्रकृतिका घटना दोहोरिन नदिनेतर्फ सचेत रहन समेत आयोग नेपाल सरकारको ध्यानाकर्षण गराउँदछ ।

नेपालको संविधान, नेपाल पक्षराष्ट्र बनेका, महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव अन्त्य गर्ने महासन्धी, १९७९, नागरिक तथा राजनीतिक अधिकार, १९६६, लगायतमा उल्लेख गरिएका अधिकारको सम्मान र संरक्षण गर्नु राज्यको दायित्व हुन आउँदछ । तर नेपालको कानुनले छाउपडी लगायतका प्रथालाई महिला विरुद्धको अपराधको रुपमा नलिई कुरीतिमा मात्र सिमित गरेको अवस्था छ ।

यसै सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगले आजै **छाउपडी कुरीति विरुद्धका व्यवस्था तथा निष्कर्ष** विषयमा सरोकारवाला निकायहरु तथा विज्ञहरुसँग छलफल गरेको छ । कार्यक्रमका सहभागीहरुले नेपालको कानुनद्वारा छाउपडी लगायतका प्रथाहरुलाई अपराधको रुपमा परिभाषित नगरिदा दोषीलाई कारबाहीको दायरामा ल्याउन नसकीएको बताएका छन् । उनीहरुले छाउपडी लगायतका प्रथा, परम्पराका कारण अझैपनि महिलाको जीवन जाने तथा जोखिममा रहेको अवस्थाप्रति सरकारको ध्यान जानु जरुरी रहेको बताए । सो क्रममा आयोगका सदस्य, सचिव, प्रधान मन्त्री तथा मन्त्री परिषद्को कार्यालयका सहसचिव लक्ष्मी प्रसाद गौतम, नेपाल प्रहरी महिला, तथा बालबालिका सेवा निर्देशनालयका प्रहरी उपरीक्षक, दुर्गा सिं, गृह मन्त्रालयका उपसचिव चन्द्र बहादुर कार्की, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका उपसचिव लीला अधिकारी, शिक्षा मन्त्रालयका सरस्वती पोखरेल, महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयका बिनीता भट्टराई, कानुन व्यवसायीहरु, छाउपडी लगायतका महिला हिंसा एवं कुरीति विरुद्धको अभियानमा क्रियाशील राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, शैक्षिक प्रतिष्ठानका प्रमुख तथा प्रतिनिधिहरुको उपस्थिति रहेको थियो ।

मोहना अन्सारी
सदस्य/प्रवक्ता